# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

**सूचना नं.: ५०४/२०८०-०८१** **प्रकाशन मिति: २०८१/०२/०७ गते**

**प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवाका, सहायकस्तर पाँचौं र सहायकस्तर चौंथो तहका पदहरुको आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

आयोगको मिति २०७९।०५।२३ र २०७९।०६।२८ मा प्रकाशित सूचना अनुसार छुट्याइएका देहायका पदमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १४० को उपदफा (३) मा भएको व्यवस्था बमोजिम आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्य उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np/login बाट अनलाइन दरखास्त दिनुपर्नेछ । प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारलाई नियुक्तिको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

| सि.नं. | विज्ञापन नं. | विज्ञापन किसिम | सेवा, समूह, उपसमूह, | पद | तह | पद संख्या | लिखित परीक्षा कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १. | ५१०२२/०८०/८१ | आ.प्र. | स्वास्थ्य, प.हे.न. | पब्लिक हेल्थ नर्स | सहायक पाँचौं | १ | २०८१/०४/२६ बिहान ०९:०० बजे |
| २. | ५१०२३/०८०/८१ | आ.प्र. | स्वास्थ्य, मे.ल्या.टे | ल्याब टेक्निसियन | सहायक पाँचौं | २ | २०८१/०४/२६ दिनको ०२:०० बजे |
| ३. | ५१०२४/०८०/८१ | आ.प्र. | स्वास्थ्य, हे.ई. | हेल्थ असिस्टेन्ट | सहायक पाँचौं | ३ | २०८१/०५/०१ बिहान ०९:०० बजे |
| ४. | ५००११/०८०/८१ | आ.प्र. | प्रशासन, सा.प्र. | सहायक | सहायक चौंथो | ३ | २०८१/०५/०८ प्रथम पत्र बिहान ०९:०० बजे द्वितीय पत्र दिनको ०२:०० बजे |

**परीक्षा केन्द्र:-** बुटवल

**परीक्षाको किसिम:** लिखित परीक्षा र अन्तर्वार्ता।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यम:-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय माध्यमबाट दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा उम्मेदवारले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर सहायकस्तर पाँचौ तहको रु.५००/- (पाँच सय रुपैया) र सहायकस्तर चौंथो तहको रु.४००/- (चार सय रुपैया) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि:** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने मिति २०८१/०३/०२ गते भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

| | |
|---|---|
| **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** | आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्नुपर्नेछ। Online Payment गर्ने उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणालीमा राखिएका Wallet हरूमध्ये कुनै एक प्रयोग गरी भुक्तानी गर्न सकिने छ। Offline Payment गर्ने उम्मेदवारहरूले सोही प्रणालीमा तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ बुझाउनु पर्नेछ। दरखास्त दस्तुर २०८१/०३/०२ गतेसम्म बुझाई सक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत जानकारी वेबसाइटमा राखिएको User Manual मा छ। |
| **दरखास्त दिने अन्तिम मिति:-** | २०८१।०२।२७ गते र दोब्बर दस्तुर तिरी २०८१।०३।०२ गतेसम्म दरखास्त दिन सकिनेछ। |
| **पेश गर्नुपर्ने कागजातहरू:-** | दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा Upload गर्नु पर्नेछ। उम्मेदवारले शैक्षिक योग्यता, सेवा प्रमाणित प्रमाणपत्र, तालीम लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा सक्कल नै Scan गरी PDF Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।<br>*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नगरेमा वा गलत विवरण भरी पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत वा पछि जुनसुकै बखत पनि रद्द हुने हुँदा दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुहुन अनुरोध छ।* |
| **पदमा रही गर्नुपर्ने कामको विवरण:-** | प्रचलित कानून बमोजिम। |
| **सेवा, शर्त र सुविधा:-** | सेवा, शर्त र सुविधा प्रचलित कानून बमोजिम हुने। |
| **सेवासँग सम्बन्धीत निकाय:-** | लुम्बिनी प्रदेश सरकारका विभिन्न निकायहरु। |
| **अन्तर्वार्ता हुने मिति:** | लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ। |

**आवश्यक न्युनतम शैक्षिक योग्यता:**

क. स्वास्थ्य सेवा तर्फको सहायकस्तर पाँचौं तहका लागिः

- प.हे.न. समूहकालागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स उत्तीर्ण गरी सि.अ.न.मी. को तालिम प्राप्त,
- मे.ल्या.टे. समूहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्यावमा प्रमाणपत्रतह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल.सी उत्तीर्ण गरी ल्याब टेक्निसियनको दुई वर्ष छ महिनाको कोर्ष उत्तीर्ण
- हे.ई. समूहका लागिमान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए. कोर्स उत्तीर्ण गरी सि.अ.हे.व. तालिम प्राप्त।

ख. प्रशासन सेवा तर्फ सहायकस्तर चौंथो तहका लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिक परीक्षा उत्तिर्ण। ग्रेडिङ प्रणाली लागू भए पश्चात एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेका उम्मेदवारको हकमा CGPA2 वा सो भन्दा माथिको ग्रेड प्वाईण्ट प्राप्त गरेको।

**दरखास्त दिने उम्मेदवारहरुले ध्यानदिनुपर्ने विषयहरु**

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा एक तह/श्रेणीमुनिको पदमा न्युनतम तीन वर्ष सेवा अवधिपूरा भएका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार लुम्विनी प्रदेशमा समायोजन भएका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन्। तर महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोवास भएका निजामती कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम भएपनि बढुवाको लागि संभाव्य उम्मेदवार हुनेछन्।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ दफा २७ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ग) प्रशासन सेवा तर्फको सहायकस्तर चौंथो तहको पदमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (६) बमोजिमका श्रेणी विहीन कर्मचारीहरु र उपदफा१४क. वमोजिमका कर्मचारीहरु समेत सम्भाव्य उम्मेदवार हुनेछन् ।

(घ) स्वास्थ्य सेवा तर्फको पदमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिम सेवा अवधि र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेका कर्मचारी उम्मेदवार हुनेछन् ।

(ङ) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(च) आयोगले निर्धारण गरेको उम्मेदवारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण सम्वन्धी फाराम सम्बन्धित अधिकारीको प्रमाणित गराई upload खण्डको तोकिएको महलमा अनिवार्य रुपमा scan गरि upload गर्नु पर्दछ ।

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ज) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ । तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गत दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको) भन्ने व्यहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ ।

(झ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र र सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति साथै प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ञ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तिमा दश दिन अगावै आयोगमा सम्पर्क गरी लिखित निवेदन दिनुपर्नेछ ।

(ट) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ ।

(ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ड) पाठ्यक्रम आयोगको वेवसाइट https://ppsconline.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**सूचना नं.: ५०५/२०८०-०८१** **प्रकाशन मिति: २०८१/०२/०७ गते**

**प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूह, सहायकस्तर पाँचौ तह र सहायक स्तर चौंथो तहका पदहरुको ज्येष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्धारा हुने बढुवा र कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना**

आयोगको मिति २०७८।०५।२३, २०७९।०५।२४ र २०७९।०६।२८ मा प्रकाशित सूचना अनुसार बढुवाका लागि छुट्याईएका देहायका पदमा प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १४० मा भएको व्यवस्था बमोजिम ज्येष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्धारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने वढुवाबाट पूर्ति गर्नुपर्ने भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २१,स्वास्थ्य सेवा ऐन, २०५३ (चौंथो संशोधन) को दफा २६ (१) र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ (४) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्धारा, कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा कार्यसम्पादन अनुभवको मुल्याङ्कनबाट हुने समायोजनद्धारा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८१/०३/०९ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। ज्येष्ठताको गणना निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाईट ppsc.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालय, बुटवलमा बुझाईसक्नु पर्नेछ। प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ठ रुपमा प्रदेश निजामती सेवा नियमावली, २०८० को नियम ५६ बमोजिमको बढुवा समितिको सचिवालयमा पठाईनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**(क) ईन्जिनियरिङ्ग सेवा**

**ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनबाट हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं | सेवा, समूह, उपसमूह, | पद | तह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/०८०-८१ | ईन्जिनियर, जियोलोजी, हाईड्रोजियोलोजी | असिस्टेन्ट ग्राउण्ड वाटर हाईड्रोजियोलोजिष्ट | सहायकस्तर पाँचौं | १ |
| २. | २/०८०-८१ | ईन्जिनियर, सिभिल, ईरिगेशन | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ५ |
| ३. | ३/०८०-८१ | ईन्जिनियर, सिभिल, जनरल | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ११ |
| ४. | ४/०८०-८१ | ईन्जिनियर, सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ४ |
| ५. | ५/०८०-८१ | ईन्जिनियर, सिभिल, स्यानिटरी | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ६ |
| ६. | ६/०८०-८१ | ईन्जिनियर, सिभिल, हाईवे | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | ३ |
| ७. | ७/०८०-८१ | ईन्जिनियर, सिभिल, हाईवे | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | १ |

**कार्यक्षमताको मुल्याङ्कनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | ८/०८०-८१ | ईन्जिनियर, सिभिल, ईरिगेशन | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ३ |
| ९. | ९/०८०-८१ | ईन्जिनियर, सिभिल, जनरल | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ६ |
| १०. | १०/०८०-८१ | ईन्जिनियर, सिभिल, बिल्डिङ एण्ड आर्किटेक्ट | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | २ |
| ११. | ११/०८०-८१ | ईन्जिनियर, सिभिल, स्यानिटरी | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | ३ |
| १२. | १२/०८०-८१ | ईन्जिनियर, सिभिल, हाईवे | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | २ |
| १३. | १३/०८०-८१ | ईन्जिनियर, सिभिल, हाईवे | सब ईन्जिनियर | सहायकस्तर पाँचौं | १ |

**(ख) कृषि सेवा**

**ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | १४/०८०-८१ | कृषि, कृषि प्रसार | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ |
| १५. | १५/०८०-८१ | कृषि, भेटेरीनरी | पशु स्वास्थ्य प्राविधिक | सहायकस्तर पाँचौं | १ |
| १६. | १६/०८०-८१ | कृषि, माटो विज्ञान | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ |
| १७. | १७/०८०-८१ | कृषि, वागवानी | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ |

**कार्यक्षमताको मुल्याङ्कनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | १८/०८०-८१ | कृषि, कृषि प्रसार | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ |

**(ग) वन सेवा**

**ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | १९/०८०-८१ | वन, जनरल फरेष्ट्री | रेञ्जर | सहायकस्तर पाँचौं | ९ |
| २०. | २०/०८०-८१ | वन, स्वाईल एण्ड वाटर कन्जरभेसन | भूसंरक्षण सहायक | सहायकस्तर पाँचौं | १ |

**कार्यक्षमताको मुल्याङ्कनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | २१/०८०-८१ | वन, जनरल फरेष्ट्री | रेञ्जर | सहायकस्तर पाँचौं | ५ |
| २२. | २२/०८०-८१ | वन, स्वाईल एण्ड वाटर कन्जरभेसन | भूसंरक्षण सहायक | सहायकस्तर पाँचौं | १ |

**(घ) स्वास्थ्य सेवा**

**कार्यक्षमता तथा अनुभवको मुल्याङ्कनबाट समायोजनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | २३/०८०-८१ | स्वास्थ्य, मेडिकल ल्याव टेक्नोलोजी | ल्याव टेक्निसियन | सहायकस्तर पाँचौं | २ |
| २४. | २४/०८०-८१ | स्वास्थ्य, हेल्थ ईन्सपेक्सन | हेल्थ असिस्टेन्ट | सहायकस्तर पाँचौं | २ |

**(ङ) प्रशासन सेवा**

**ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| २५. | २५/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | सहायक | सहायकस्तर पाँचौं | १४ |
| २६. | २६/०८०-८१ | प्रशासन, लेखा | लेखा सहायक | सहायकस्तर पाँचौं | ६ |
| २७. | २७/०८०-८१ | प्रशासन, राजश्व | सहायक | सहायकस्तर पाँचौं | १ |
| २८. | २८/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | सहायक | सहायकस्तर चौंथो | २ |

**कार्यक्षमताको मुल्याङ्कनबाट हुने बढुवा**

| | | | | | |
|---|---|---|---|---|---|
| २९. | २९/०८०-८१ | प्रशासन, सामान्य प्रशासन | सहायक | सहायकस्तर पाँचौं | ७ |
| ३०. | ३०/०८०-८१ | प्रशासन, लेखा | लेखा सहायक | सहायकस्तर पाँचौं | ३ |
| ३१. | ३१/०८०-८१ | प्रशासन, राजश्व | सहायक | सहायकस्तर पाँचौं | १ |

**उम्मेदवारले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) बढुवाद्धारा पूर्ति हुने पदहरुमा एक तह/श्रेणी मुनिको पदमा न्युनतम तीन वर्ष सेवा अवधि पूरा भएका र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार लुम्विनी प्रदेशमा समायोजन भएका कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन् । तर महिला, आदिवासी/जनजाती, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोवास भएका निजामती कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम भएपनि बढुवाको लागि संभाव्य उम्मेदवार हुनेछन् ।

(ख) प्रशासन सेवा तर्फको सहायकस्तर चौंथो तहको पदमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क. तथा निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिमका श्रेणी विहीन कर्मचारीहरु समेत सम्भाव्य उम्मेदवार हुनेछन्।

(ग) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३दफा २७ बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ङ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९ बमोजिम हुनेछ।

(च) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट पाएको कर्मचारी संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(छ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नु पर्नेछ।

(ज) बढुवा हुने पद भन्दा एक तह/श्रेणी मुनिको पदमा वा चौथो तहको पदको लागि श्रेणी विहिन पदमा रही सम्बन्धित सेवा वासमूहसँग सम्बन्धित विषयमा एक महिना वा सो भन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

(झ) निजामती सेवा ऐन, २०४९ को दफा २४ को उपदफा (३) र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को ६७ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मिति सम्मको अंक गणना गरिनेछ।

(ञ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(ट) बढुवा सम्बन्धी अन्य व्यवस्था निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम हुनेछ।

दरखास्त बुझाउने स्थानः प्रदेश लोक सेवा आयोग, लुम्विनी प्रदेश, बुटवल।

दरखास्त दस्तुरः दरखास्त दस्तुर सहायकस्तर पाँचौ तहको रु.५००/- (पाँच सय रुपैया) र सहायकस्तर चौथो तहको रु.४००/- (चार सय रुपैया) बुझाएको रसिद संलग्न गर्नुपर्नेछ।